"समृद्ध राप्ती नगरको आधार, कृषि, पर्यटन र पूर्वाधार"

# समृद्ध राप्ती
## ई-बुलेटिन

२०८० चैत्र १५ गते बिहिवार
Thursday, Mar 28 2024
• वर्ष-१ | • अंक-५

Email :rraptimunicipality42@gmail.com

समृद्ध राप्ती - ई बुलेटिन | web : www.raptimunchitwan.gov.np | SAMBRIDHHA RAPTI – E-bulletin

# एसइइ दिने विद्यार्थीलाइ मेयर शमशेर लामाले दिए ६ वटा महत्वपुर्ण टिप्स

एसइइ दिने विद्यार्थीलाइ मेयर शमशेर लामाले दिए ६ वटा महत्वपुर्ण टिप्स



**यस बर्षको एसइइ परिक्षा चैत्र १५ , विहिवार वाट सुरु भएको छ । परिक्षामा राप्ती नगरपालिका ७ सय ९८ जना विद्यार्थीको सहभागिता रहेको छ । राप्ती नगर प्रमुख शमशेर लामाले एसइइ परिक्षामा सहभागि विद्यार्थीहरुको लागी उत्कृष्ट परिक्षा कसरी दिन सकिन्छ भन्ने बिषयमा टिप्स दिएका छन ।**

राप्ती । यस बर्षको एसइइ परिक्षा चैत्र १५ ,विहिवार वाट सुरु भएको छ । परिक्षामा राप्ती नगरपालिका ७ सय ९८ जना विद्यार्थीको सहभागिता रहेको छ । राप्ती नगर प्रमुख शमशेर लामाले एसइइ परिक्षामा सहभागि विद्यार्थीहरुको लागी उत्कृष्ट परिक्षा कसरी दिन सकिन्छ भन्ने बिषयमा टिप्स दिएका छन । उनले एसइइ परिक्षामा सहभागि हुने विद्यार्थी कोहि पनि आत्तिनु नहुने, आत्मविश्वासका साथ परिक्षामा सहभागि हुनु पर्ने बताए । उनले भने "परीक्षामा उत्कृष्ट हुन, राम्रो अंक ल्याउन सबैलाई मन लाग्छ । परीक्षाको तयारी गर्दा हामीले गर्ने कतिपय गल्तीका कारण चाहेर पनि परीक्षा राम्रो गर्न सक्दैनौं । "परीक्षाकै लागि भनेर मात्र पढ्ने हुँदा पनि परीक्षामा राम्रो गर्न नसक्ने नगर प्रमुख लामाको दावी रहेको छ । त्यसैले, परीक्षाकै लागि भनेर मात्र पढ्ने बानीको अन्त्य गर्नुपर्छ । परीक्षा कसरी राम्रो गर्ने ? उत्कृष्ट कसरी हुने ? नगर प्रमुख लामाका केकेही उपाय यस्ता छन् ।

परीक्षालाई लिएर चिन्ता नलिने

परीक्षालाई लिएर चिन्ता नलिने । परीक्षा आउने बितिकै विद्यार्थीहरु चिन्नित हुने गर्छन्, जुन राम्रो होइन । परीक्षाको समयमा चिन्तित हुँदा आफूले सिकेका र जानेको कुराहरु लेख्न सकिँदै न भने बिर्सने समस्या पनि हुन्छ । परीक्षामा जति चिन्त र तनाव लिन्छौं त्यति नै परीक्षालाई असर गर्छ । त्यसैले चिन्ता र तनाव मुक्त भएर परीक्षा दिने ।

समय तालिका बनाएर पढ्ने

परीक्षाको समयमा अ ध य य न ल ा इ ´ व्यवस्थापन गर्नका लागि तालिका बनाएर पढ्ने बानी गर्नुपर्छ । कुन विषय, कुन समयमा कति पढ्ने भनेर विषय अनुसार समय तालिका बनाउनुपर्छ । विद्यार्थीहरुले समय तालिका बनाउँदा आफूलाई गाह्रो लाग्ने विषयका लागि बढी र सजिलो लाग्ने विषयका लागि कम समय छुटाउनु पर्छ ।

समय समयमा ब्रेक लिँदै अध्ययन गर्ने

परीक्षा तयारी गर्दा परीक्षार्थीहरु एकोहोरो भएर पढि मात्र रहने बानी हुन्छ । एकोहोरो अध्ययनमात्र गरिरहँदा पढेका कुरा सम्झन र याद गर्न गाह्रो हुन्छ । त्यसैले समय समयमा ब्रेक लिँदै अध्ययन गर्नुपर्छ । अध्ययन गरेको हरेक ४५/४५ मिनेटमा ब्रेक लिँदा राम्रो हुन्छ ।

लेख्दै अध्ययन गर्ने

हामीमा अध्ययन गर्दा आवाज निकाल्दै पढ्ने बानी छ, जुन प्रभावकारी मानिदैन । यसरी पढ्दा पढेका कुराहरु याद गर्न गाह्रो हुन्छ । आफूले पढेका कुरा सम्झन र बुझ्नका लागि लेख्दै अध्ययन गर्नु प्रभावकारी हुन्छ । तर, लेख्दा खेरी मुख्य मुख्य र महत्वपूर्ण कुर ाहरु मात्र लेख्नुपर्छ ताकी सम्झन सजिलो होस् ।

वाकि पेज नं २



**श्री शमशेर लामा**
नगर प्रमुख
सम्पर्क : ९८५५०६२२३२



**श्री देवेन्द्र लामा**
नगर उप प्रमुख
सम्पर्क : ९८५५०५०६१०



**श्री निलम कुमार न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत
सम्पर्क : ९८५५०४३१११



**श्री दिपक थिङ**
सूचना अधिकारी
सम्पर्क : ९८६०८३६३९४

## हार्दिक शुभकामना

२०८० को एसइइ परिक्षामा सहभागि हुनु भएका सम्पुर्ण विद्यार्थी भाइवहिनीहरुको परिक्षा सफल होस । यहाहरु सवैमा अग्रिम बधाई तथा शुभकामना व्यक्त गर्दछु ।



शमशेर लामा
नगर प्रमुख
राप्ती नगरपालिका चितवन

## एसइइ......

बिहानको समयमा पढ्ने परीक्षा आएसँगै नसुती नसुती रात रातभर पढ्ने बानी हुन्छ । तर,

पढ्नका लागि बिहानको समय उपयुक्त मानिन्छ । बिहान पढ्दा दिमाग फ्रेस हुने हुदाँ सम्झन सजिलो हुन्छ । बिहान छिटो उठ्नका लागि र ाती छिटो सुत्नुपर्छ । अनि मात्र बिहान छिटो उठ्न सकिन्छ ।

परीक्षामा राम्रो गर्न सक्छु भन्ने आत्मविश्वासको विकास गर्ने परीक्षाको समयमा अर्को आवश्यक कुरा भनेको आत्मविश्वास हो । आत्मविश्वास भएमा मात्र परीक्षार्थीहरूले राम्रो सँग पढ्न र परीक्षा दिन सक्छन् । आत्मविश्वासको कमी हुँदा डराउने, चिढचिढाउने र बिर्सने जस्ता बानी देखापर्छ ।

त्यसैले, परीक्षाहरूले आफूमा विश्वास राखी राम्रो गर्न सक्छु भन्ने भावनको विकास गर्नुपर्छ ।

# हाकिमको कार्यकक्षको ताला खुल्यो


# प्रमुख र उपप्रमुखको कार्यकक्षमा यथावत



राप्ती । राप्ती नगर पालिकामा लागेको तालावन्दिले अझै निक्लोल पाउन सकेन । करिब ३६ दिन पछि भने बुधवार प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षको मात्र ताला खुलेको छ । तर प्रमुख र उपप्रमुखको कार्यकक्षमा लागेको तालावन्दि भने यथावत रहेको छ ।

नगर प्रमुख शमशेर लामा र उपप्रमुख देवेन्द्र लामाको कार्यकक्षको तालावन्दि कहिले खुल्ने भन्ने बिषयमा अझै टुगो लागेको छैन । जिल्ला प्रशासन कार्यालयको पहलमा इलाका प्रहरी कार्यालय भण्डाराको टोलि आएर प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षको तालावन्दि फोडेको हो । अहिले भर्खरै मात्र प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारी पाएका शैलेन्द्र भण्डारीले आफ्नो नियमित काम सुरु गरेका छन । कार्यपालिका बैठक र नगर सभाको माग गर्दै एमाले काग्रेस निकट जनप्रतिनिधिले फाल्गुन ९ मा तालावन्दि गरेका हुन ।

# जनताको काम गर्न मलाइ कार्यकक्ष आवश्यक छैन : नगर प्रमुख शमशेर लामा





राप्ती । राप्ती नगर प्रमुख शमशेर लामाले तालावन्दिको बिषयमा आफुले सामाजिक सञ्जाल वाट मात्र जानकारी पाएको बताएका छन । बुधवार प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षमा लागेको तालावन्दि खुले पछि उनले खुलेको भन्ने जानकारी आफुले स्थानीय सञ्चार माध्यमवाट प्राप्त गरेको बताए । तर आफ्नो कार्यकक्ष र उपप्रमुखको कार्यकक्षमा अहिले सम्मनै ताला झुण्डिएको भन्दै जनताको काम गर्न ताला लाग्नु र नलाग्नुको कुनै अर्थ नरहेको उनले दावी गरे । आफ्नो कार्यकक्षमा लागेको तालावन्दि नखुले पनि आफुले जनताको काममा कत्ति पनि असर नपर्ने गरी काम गरिरहेको बताए । मुलगेटमानै तालावन्दि लागेपनि नगरको आगनमै बसेर भएपनि आफुले नियमित काम गर्ने प्रमुख लामाको दावी रहेको छ ।

फाल्गुन ९ मा लागेको तालावन्दि कहिले खुल्ने भन्ने बिषयमा अझै निक्योल नरहेको उनले बताए । अहिले सम्म कोहि पनि आफुसंग वार्ता गर्न भन्दै नआएको उनले बताए । यदि कुनै कुरामा चित्त नबुझे प्रत्यक्ष रूपमा भेट्न अनुरोध गरे ।

एजेण्डा सहित कुनै पनि बिषयमा सम्वाद चाहे मा आफु सधै तयार रहने उनको दावी रहेको छ ।

जनताको काम गर्न आफुलाइ कुनै कार्यकक्षको आवश्यकता नपर्ने भन्दै जहा जहा मिल्छ त्यहि बसेर काम गर्ने बताए ।

## सम्पादकीय

### एसएलसीदेखि एसईईसम्म

१९९० सालमा नेपालमा एसएलसी परीक्षा वोर्डको स्थापना हुनुभन्दा अघि नेपाली विद्यार्थीहरु प्रवेशिका परीक्षा दिन भारतको कोलकत्ता जाने गरेका थिए । विसं १९३६ सालदेखि कोलकत्तामा प्रवेशिका परीक्षा अर्थात म्याट्रिक दिने व्यवस्था मिलाएका राणा शासकहरुले विसं १९८० देखि नेपाललाई नजीक पर्ने गरी पाटनबाटै म्याट्रिक दिने व्यवस्था मिलाइएको थियो । २०७३ सालमा सरकारले संसोधन गर्दै १ देखि ८ सम्म आधारभुत र ९ देखि १२ सम्म विद्यालय शिक्षाका रुपमा निर्धारण गरेपछि २ वर्षदेखि एसईईका रुपमा परीक्षा लिन थालिएको हो । ८३ वर्षसम्म रहेको एसएलसीको इतिहास वि।सं २०७३ सालमा आएर रोकियो । २०७३ पछि विद्यालयको तहगत संरचनालाई परिवर्तन गर्दै सरकारकले एसएलसीलाई एसईईमा रुपान्तरण गर्यो । २०७३ को निर्णयलाई कार्यान्वयन गर्दै नतिजालाई ग्रेडिङ प्रणालीमा रुपान्तरण गर्ने उद्देश्यका साथ विसं २०७५ सालदेखि एसईई परीक्षा प्रणाली सुरु भयो । ८१ वर्षको एसएसलसी इतिहासमा ८५ जना बोर्डफस्ट भएका थिए । वि सं २००७ सालको राजनीतिक परिवर्तनका कारण दुई पटक प्रवेशिका परीक्षा भयो र त्यसपटक अलग अलग रुपमा बोर्डफस्ट घोषणा गरिएको थियो । त्यस्तै २०२८ देखि नेपालमा नयाँ शिक्षा लागु गरिएपछि २०३२ देखि २०३४ सम्म नयाँ र पुरानो शिक्षा प्रणलीको छुटट्ाछु रुपमा प्रवेशिका परीक्षा सञ्चालन गरिएको थियो । जसअन्तर्गत २०३४ को प्रवेशिका परीक्षामा चार जना विद्यार्थीलाई बोर्डफस्ट घोषणा गरियो । जसमा पुरानो शिक्षा पद्धतिबाट एक जना तथा नयाँ शिक्षा पद्धतिबाट तीन जना बोर्डफस्ट भएका हुन ।

सबैभन्दा धेरै बोर्डफस्ट जन्माउनेमा काठमाडौंको दरबार हाइस्कुल रहेको छ । यहाँबाट सत्र जना बार्डफस्ट भए । त्यस्तै सिद्धार्थ वनस्थली इन्स्टिच्युट काठमाडौंबाट नौ जना, जुद्धोदय पब्लिक हाइस्कुल काठमाडौंबाट छ जना, त्रिभुवन पब्लिक हाइस्कुल वीरगन्ज, आनन्दकुटी विद्यापीठ काठमाडौं र लेबोरेटोरी माध्यमिक विद्यालय काठमाडौं बाट पाँच-पाँच जना बोर्डफस्ट भए ।

३४ जना परिक्षार्थीबाट सुरु भएको एसएलसीमा आज लाखौंको सहभागीता रहने गर्छ । नाम, व्यवस्था, पद्धती परिमार्जीत हुँदै फरक ढाँचामा यस परीक्षा प्रणाली गुज्रीए पनि नेपालको शिक्षा प्रणाली र विद्यार्थीहरुमा यसको महत्व आज पनि उत्तिकै छ । भलै आज फलामे गेट स्वर्ण द्वारको रुपमा परिणत भएको छ ।

### महत्वपुर्ण सर्म्पक नम्वर

राप्ती नगरपालिका चितवन : ०५६-५५००१५
राप्ती नगर प्रमुख : ९८५५०६२२३२
राप्ती नगर उपप्रमुख : ९८५५०५०६१०
सुचना अधिकारी : दिपक थिङ : ९८६०८३६३९४
भण्डारा अस्पताल : ०५६-५५००३७
निशुल्क एम्वुलेन्स : ९८५५०५०२४५
निशुल्क रगतको लागी : ०५६-५९५८८०
जिल्ला प्रहरी कार्यालय चितवन : १००
इ. प्रहरी कार्यालय भण्डारा : ९८५५०९०३०३
दमकल :०५६५८२५४६
विद्युत प्राधिकरण भण्डारा : ०५६-५५०३६६
राप्ती उद्योग वाणिज्य संघ : ९८५५०६६३२२

### सञ्चार माध्यम सर्म्पक न

हाम्रो राप्ती एफ एम : ९८५१०७४०६२
बिशाल न्युज दैनिक : ९८४३६०५३२८
सजिलो पाटी मिडिया : ९८११९८६०८७
द भ्वाइस अफ इण्डिजिनियस : ९८६५५१३५५३
द भ्वाइस अफ मगर : ९७६२३४५७४५

# प्रमुख प्रशासकिय अधिकृत शैलेन्द्र भण्डारी ज्युलाइ स्वागत कार्यक्रम















## प्रमुख प्रशासकिय अधिकृत शैलेन्द्र भण्डारी ज्युलाइ स्वागत कार्यक्रम







"समृद्ध राप्ती नगरको आधार, कृषि, पर्यटन र पूर्वाधार"

# घरनक्सा अभिलेखिकरण सम्बन्धी अत्यन्न जरूरी सूचना

यस राप्ती नगरपालिका क्षेत्रभित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा निजी घर तथा भवनहरू स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नक्सा पास गरी भवन निर्माण अनुमति लिएर मात्र गर्नुहुन तथा पुराना घरहरू अभिलेखिकरणको लागि यस अघि नै सूचना प्रकाशित भएकोले सोही अनुसार मिति २०८० चैत्र मसान्त भित्र उक्त पुराना घरहरूको अनिवार्य रूपमा अभिलेखिकरण गर्न/गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै तोकिएको समय भित्र पुराना घरको अभिलेखिकरण नगरेको पाइएमा प्रचलित कानून अनुसार हुने व्यहोरा समेत सूचित गरिन्छ ।

**राप्ती नगरपालिका, चितवन**